पोखरा महानगरपालिका

कास्की

गण्डकी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

वर्ष : ६ पोखरा खण्ड : ७६ प्रमाणित मितिः २०७९ आषाढ २६ गते

## भाग १

## पोखरा महानगरपालिका आकस्मिक कोष (स्थापना तथा सञ्चालन) कार्यविधि ऐन, २०७९

# पोखरा महानगरपालिका आकस्मिक कोष (स्थापना तथा सञ्चालन) कार्यविधि ऐन, २०७९

**प्रस्तावनाः** महानगर क्षेत्रभित्र अत्यावश्यक आकस्मिक कार्य गर्न पोखरा महानगरपालिका आकस्मिक कोषको स्थापना तथा सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, पोखरा महानगरपालिकाको नगर सभाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम पोखरा महानगरपालिका आकस्मिक कोष (स्थापना तथा सञ्चालन) कार्यविधि ऐन, २०७९ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**आकस्मिक कार्य**" भन्नाले भूकम्प, वाढी, पहिरो, आगलागी, महामारी जस्ता विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) "**महानगरपालिका आकस्मिक कोष**" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने पोखरा महानगरपालिकाको "**आकस्मिक कोष**" सम्झनु पर्छ।

(ग) "**कार्यपालिका**" भन्नाले पोखरा महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) "**समिति**" भन्नाले दफा ८ बमोजिम गठित समिति सम्झनु पर्छ।

३. **महानगरपालिका आकस्मिक कोषको स्थापना :** (१) महानगरपालिकामा आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिने छ।

४. **महानगरपालिका आकस्मिक कोषको रकम थप गर्न सक्ने :** आकस्मिक कोषमा तपसिल बमोजिम रकम जम्मा गरिने छ।

(क) महानगरपालिकाबाट स्वीकृत वार्षिक बजेटमा बिनियोजित रकम।

(ख) संघ सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने आकस्मिक कार्यको रकम।

(ग) आकस्मिक कोषमा जम्मा हुन आउने अन्य रकम।

(२) कोषमा आर्थिक वर्षको अन्त्यमा वाँकी रकम फ्रिज हुनेछैन।

५. **महानगरपालिका आकस्मिक कोषको रकम खर्च गर्न सक्नेः** महानगरपालिकाले महानगरपालिका आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खरीद ऐन, २०६३ को दफा ४१(घ३) र दफा ६६ तथा अन्य दफा बमोजिम खर्च गर्न सक्नेछ।

६. **महानगरपालिका आकस्मिक कोषको सञ्चालनः** (१) महानगरपालिका आकस्मिक कोषको सञ्चालन प्रचलित कानुन बमोजिम आकस्मिक कोष व्यवस्थापन समितिको निर्णयानुसार नगर कार्यपालिकाको कार्यालयबाट गर्नु पर्नेछ।

(२) महानगरपालिका आकस्मिक कोषको सञ्चालन र रकमको निकास सम्बन्धी स्रेस्ता र हिसाब स्वीकृत ढाँचामा राख्नु पर्नेछ।

७. **आकस्मिक कोषबाट रकम खर्च हुने :** (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषमा भएको रकम खर्च गर्नु पर्ने भएमा समितिको निर्णय बमोजिम खर्च गरिने छ।

(२) उपदफा (१) बमोजिम रकम निकासाको माग गर्दा सम्बन्धित अधिकारीले देहायका विवरण खोली पठाउनु पर्नेछ :

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यक र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिएको रकम,

(ग) आकस्मिक कार्य पछि सार्न नसकिने कारण,

(घ) तुरुन्त खर्च नगरेमा हुने परिणामको संकेत,

(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,

(च) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा महाशाखाले समिति समक्ष पेश गरी निकासा भए बमोजिम सोको जानकारी वित्त व्यवस्थापन महाशाखामा दिनुपर्नेछ।

८. **समिति सम्बन्धी व्यवस्थाः** आकस्मिक कार्यका लागि दफा ७ बमोजिम विवरण पेश भएपछि महाशाखाले समिति समक्ष पेश गर्नुपर्नेछ। आकस्मिक कार्यका लागि आवश्यक योजना/कार्यक्रम स्वीकृत गर्न देहाय बमोजिम समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संयोजक, |
| (ख) | उप प्रमुख | सदस्य, |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य, |
| (घ) | वित्त महाशाखा प्रमुख | सदस्य, |
| (ङ) | पूर्वाधार महाशाखा प्रमुख | सदस्य, |
| (च) | विपद् हेर्ने शाखा प्रमुख | सदस्य सचिव, |

९. **आकस्मिक कार्य कार्यान्वयन सम्बन्धी व्यवस्थाः** आकस्मिक कार्यका लागि दफा ८ बमोजिम समितिबाट कार्यक्रम/योजना स्वीकृत भएपछि सम्बन्धित महाशाखालाई कार्यान्वयनका लागि पठाउनु पर्नेछ।

१०. **अनुगमन र प्रतिवेदन सम्बन्धी व्यवस्थाः** कोषबाट रकम खर्च भएपछि प्रचलित कानून बमोजिम समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ। समितिले आकस्मिक कार्यका सम्बन्धमा अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

११. **वाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्थाः** यो ऐन कार्यान्वयनका क्रममा कुनै समस्या आइपरेमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ।

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**